# स्थानीय राजपत्र

**चामुण्डाविन्द्रासैनी नगरपालिकाद्धारा प्रकाशित**

**खण्ड : ४ संख्या : १८ फाल्गुण १३ गतेः २०७८**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर सभाले बनाएको देहाय बमोजिम ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## भाग - २

## संघ संस्था दर्ता तथा नियमन सम्बन्धी ऐन, २०७८

**प्रस्तावना :**

चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर क्षेत्रभित्र साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, बौद्धिक शारिरीक, शैक्षिक तथा खेलकुद लगायतका क्षेत्रमा सामाजिक तथा आर्थिक रुपान्तरण गर्ने कार्यका लागि स्थापित हुने व्यवशायिक तथा परोपकारी संघ सस्थाहरुलाई व्यवस्थित रुपमा परिचालन को लागि आवश्यक कानून निर्माण गर्न बाञ्छनीय भएकाले,

स्थानीय सरकार संचालन ऐन को दफा १०२ (१) तथा ऐ.ऐ को दफा ११ को उपदफा (४) (ठ) ले दिएको अधिकार प्रयोग गरी चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर सभाले यो ऐन बनाई जारी गरेको छ ।

### परिच्छेद-१

### प्रारम्भिकी

**१. संक्षिप्त नाम तथा प्रारम्भ :** (१) यस ऐनको नाम "संघ संस्था दर्ता नियमन सम्बन्धी ऐन २०७८" रहनेछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्ले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) "ऐन" भन्नाले "चामुण्डाविन्द्रासैनी नगरपालिकाको संघ संस्था दर्ता ऐन २०७८" सम्झनु पर्छ ।

(ख) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, सैद्धान्तिक, शारीरिक, आर्थिक, व्यावसायिक तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उद्धेश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद, अध्ययन केन्द्र आदि सम्झनु पर्छ



(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(घ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रबन्ध समिति सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "न्यायिक समिति" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

(छ) "अदालत" सम्बन्धित जिल्ला अदालतलाई सम्झनु पर्दछ ।

(ज) "कार्यपालिका" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर कार्यपालिका भन्ने सम्झनु पर्छ ।

(झ) "स्थानीय सरकार" भन्नाले चामुण्डाविन्द्रासैनी नगरपालिका भन्ने सम्झनु पर्छ ।

(ञ) "नेपाल ऐन" भन्नाले कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धी व्यवस्था गर्न बनेको संघ तथा प्रदेश सरकारको ऐन सम्झनु पर्दछ ।

(ट) "अन्तराष्ट्रिय गैरसरकारी संस्था" भन्नाले सम्बन्धित राष्ट्रमा दर्ता भई प्रचलित कानुन बमोजिम नेपाल सरकारको अनुमति लिई काम गर्ने संस्थालाई सम्झनु पर्छ ।

(ठ) "दातृ निकाय" भन्नाले सामाजिक आर्थिक बिकास कार्यमा प्रचलित कानून बमोजिम सहयोग गर्ने दिपक्षीय तथा बहुपक्षीय बिकास साझेदार सम्झनु पर्छ ।

(ड) "विधान" भन्नाले यस ऐन बमोजिम दर्ता तथा सुचिकृत भई सञ्चालन हुने संघ संस्थाले निर्माण गरेको विधान सम्झनु पर्दछ ।

### परिच्छेद -२

### संघ संस्था दर्ता, स्थिति तथा सम्पति सम्बन्धी व्यवस्था

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः** (१) यस ऐन बमोजिम दर्ता नगरी कसैले पनि चामुण्डाविन्द्रासैनी नगरपालिकाको नगर क्षेत्रभित्र संघ संस्था स्थापना गर्न हुदैन ।

(२) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उदेश्य भएको संस्था दर्ता गरिने छैन यदी यस दफाको प्रतिकुल हुनेगरी कुनै संघ संस्था दर्ता भएमा त्यस्तो दर्ता स्वतः बदर हुनेछ ।

**४. संस्थाको दर्ता :** (१) संस्था स्थापना गर्दा कम्तिमा ९ जना देखि बढीमा २१ जना व्यक्तिहरुको समिति रहने गरी आवश्यकता अनुसार पदाधिकारी राखि संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको विधानको एकप्रति र तोकिएको दस्तुर सहित नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत समक्ष निवेदन दिनु पर्नेछः-

(क) संस्थाको नाम,

(ख) उदेश्यहरु,

(ग) कार्य समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक स्रोत,

(ङ) कार्यालयको ठेगाना,

(२) उपदफा (१) बमोजिम पेश गरिएको निवेदनमा तपसिल अनुसारका कागजातहरु संलग्न भएको हुन पर्नेछ।

(क) संबन्धित वडाको सिफारिस,

(ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

(ग) संस्थाको प्रामाणित विधान (कार्य समितिका सदस्यहरु सबैको प्रस्तावित विधानको तल माथि हस्ताक्षर भएको)

(३) संस्था दर्ताको लागि दिईने निवेदनको ढाँचा अनुसूची - १ बमोजिम हुनेछ।

(४) उपदफा (१) र (२) बमोजिमको निवेदन प्राप्त भएपछि प्रमुख प्रशासकीय अधिकृतले प्राप्त भएको निवेदन माथि आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा नगर कार्यपालिकाको बैठकमा पेश गर्नु पर्नेछ। नगर कार्यपालिकाले संस्था दर्ता गर्न उचित ठानी निर्णय गरेमा प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरी अनुसूची -२ बमोजिमको ढाँचामा दर्ताको प्रमाणपत्र दिनुपर्नेछ।

(५) संस्था दर्ता तथा नविकरण वापत लाग्ने दस्तुर नगर कार्यपालिकाले तोकिदिए बमोजिम हुनेछ।

(६) उपदफा (३) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले कार्यपालिकामा निर्णयको लागि पेश गरेकोमा कार्यपालिकाले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना १५ दिन भित्र निवेदकलाई दिनु पर्नेछ।

(७) उपदफा (५) बमोजिम नगर कार्यपालिकाले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेको सुचना निवेदकलाई प्राप्त भएमा निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिनभित्र नगरपालिकाको न्यायिक समिति वा सम्बन्धित जिल्ला अदालत समक्ष उजुरी दिन सक्नेछ।

**५. संगठित संस्था मानिने** : (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ। सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र नगर कार्यपालिकाको अनुमति लिई वेचबिखन गर्न सक्नेछ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ।

**६. संस्थाको सम्पत्ति** : (१) संस्थाको सम्पति संस्थाको नाममा रहनेछ। यदी संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले गरेको कारबाहीमा चित्त नबुझेमा ३५ दिन भित्र उपचारको लागि नगरपालिकाको न्यायिक समिति वा सम्बन्धित जिल्ला अदालतमा अदालतमा उजुरी



दिन सक्नेछ।

## परिच्छेद -३

## संस्थाको नविकरण तथा उद्धेश्यमा हेरफेर सम्बन्धी व्यवस्था

**७. अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नविकरण गर्नु पर्ने** : (१) यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रमा केन्द्रिय कार्यालय रहेका संस्थाहरुले तोकिएको दस्तुर बुझाई नविकरण गरेमा यसै ऐन बमोजिम दर्ता भएको मानिनेछ।

(२) यो कार्यविधि प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम अन्यत्र दर्ता भएका र हाल चामुण्डाविन्द्रासैनी नगरपालिका क्षेत्रमा कार्य गर्न चाहाने सबै संस्थाहरुले नगरपालिका क्षेत्रमा शाखा कार्यालय स्थापना गरी ऐनको दफा ४ को उपदफा (१) र (२) बमोजिम निवेदन दिई प्रमुख प्रशासकीय अधिकृतवाट शाखा दर्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्। यसरी शाखा प्रमाणपत्र प्राप्त गरेपछि मात्र नगरपालिका क्षेत्रमा कार्य गर्ने अनुमति भएको मानिनेछ।

(३) यस ऐन बमोजिम दर्ता भएको कुनै पनि संस्थाले नगरपालिकावाट तोकिएको दस्तुर तिरि प्रत्येक आ.व.को असार मसान्त भित्र नविकरण गर्नु पर्नेछ।

(४) यस ऐन बमोजिम दर्ता भएको कुनै पनि संस्थाले तोकिएको समय भित्र संस्था नविकरण नगरेमा आर्थिक मसान्त सकिएको मितिले तीन महिना भित्र नगर कार्यपालिकाले तोकेको थप जरिवाना लिई प्रमुख प्रशासकीय अधिकृतले संस्थाको नविकरण गर्न सक्नेछ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भएता पनि यस ऐन बमोजिम दर्ता भएको संस्थाले एक वर्ष भित्र नविकरण नगरेमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाको दर्ता खारेजी गर्न सक्नेछ।

**८. संस्थाको उदेश्यहरुमा हेरफेर** : (१) संस्थाको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य सङ्ख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ। तर, सो प्रस्ताव लागू गर्न प्रमुख प्रशासकीय अधिकृतको पूर्व स्वीकृति लिनु पर्नेछ।

**९. हिसाबको विवरण पठाउनु पर्ने** : (१) कार्य समितिले आफ्नो संस्थाको हिसाबको विवरण, लेखापरीक्षकको प्रतिवेदन प्रत्येक वर्ष नविकरण गर्दा सम्वन्धित वडाको सिफारिस सहित नगरपालिकालाई बुझाउनु पर्नेछ।

**१०. हिसाब जाँच गर्ने** : (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्त गरेको कुनै अधिकृतद्धारा जाँच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत प्रमुख प्रशासकीय अधिकृतले

हिसाब जाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तीन प्रतिशतमा नबढाई आफूले निर्धारित गरेको दस्तुर असुल गरी लिन सक्नेछ ।

(३) हिसाव जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(४) हिसाब जाँच गर्ने अधिकृतले प्रमुख प्रशासकीय अधिकृतले तोकिदिएको म्यादभित्र हिसाब जाँचको प्रतिवेदन पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने प्रमुख प्रशासकीय अधिकृतलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानून बमोजिम कारबाही चलाउन सक्नेछ ।

तर, प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन लगाउनु पर्नेछ ।

**११. निर्देशन दिनेः** नगरपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

## परिच्छेद -४

## दण्ड सजाय सम्बन्धी व्यवस्था

**१२. दण्ड सजाय :** (१) यस ऐनको दफा ४ तथा दफा ७ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा शाखा नखोलि संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रचलित कानुन अनुसार नगरपालिकाले दण्ड र सजाय गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकामा संस्था दर्ता नगराई स्थापना गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही पाँच सय रुपैयाँ सजाय गर्न सक्ने छ ।

(३) यस ऐनको दफा ९ बमोजिम संस्थाले नगरपालिकालाई पठाउनु पर्ने हिसाबको विवरण नपठाएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो संस्थाका कार्य समितिका सदस्यहरुलाई जनही दुइ सय रुपैयाँका दरले सजाय गर्न सक्नेछ ।

**१३. दर्ता  खारेज हुने :** यस ऐन बमोजिम दर्ता भई सञ्चालनमा रहेका संघ संस्थाले ऐन बमोजिम तोकिएका कार्य पुरा नगरेमा वा ऐनको प्रतिकुल कार्य गरेमा त्यस्तो संस्थाको दर्ता प्रमुख प्रशासकीय अधिकृतले जुनसुकै बेला पनि खारेज गर्न सक्नेछ ।

**१४. पुनरावेदन :** प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर चित्त नबुझेमा निर्णय भएको ३५ दिन भित्र नगरपालिकाको न्यायिक समिति वा सम्बन्धित जिल्ला अदालतमा उजुरी गर्न सकिनेछ ।

## परिच्छेद-५

## संस्था विघटन तथा परिणाम सम्बन्धी व्यवस्था

**१५. संस्थाको विघटन र त्यसको परिणाम :** (१) यस ऐन बमोजिम स्थापना भएको संस्थाले आफ्नो विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघटन भएमा त्यस्तो संस्थाको नाममा रहेको सम्पूर्ण चल अचल सम्पति स्थानीय सरकारको हुनेछ ।



(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ । तर संस्थाको जायजेथाले नखाम्ने अन्य दायित्व नगरपालिकाले व्यहोर्ने छैन ।

## परिच्छेद -६

## विविध

**१६. अन्तर्राष्टिय गैर सरकारी संस्था सम्वन्धी व्यवस्था :** (१) कुनै पनि अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले प्रचलित कानून वमोजिम नगरपालिका क्षेत्रभित्र कार्य गर्दा नगरपालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति प्रदान गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**१५. नेपाल ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्ने :** कुनै संस्थाको दर्ता वा स्थापना गर्ने वा कार्यक्षेत्र यकिन गर्ने सम्बन्धमा संघ तथा प्रदेश ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो संस्था सोही ऐन बमोजिम स्थापना हुने र कार्यक्षेत्र यकिन हुनेछ। नगरपालिकामा दर्ता भएको संस्था नगरपालिकाको क्षेत्र बाहिर नेपाल ऐन बमोजिम क्रियाशिल हुनेछ ।

**१७. नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यकता अनुसा नियम, निर्देशिका तथा कायविधि बनाउन सक्नेछ ।

**१८. बचाउः** (१) संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्थापन अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यस अघि भएका सबै कार्य यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

**१९. खारेजी :** यस ऐनमा भएको कुनै व्यवस्था संघ तथा प्रदेश कानून वा अन्य कुनै प्रचलित कानूनसँग बाझिएमा बाझिएको हद सम्म खारेज हुनेछ ।

अनुसूची- १

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

**संस्था दर्ता गर्ने निवेदनको ढाँचा**

मिति-.................

श्रीमान्प्रमुख प्रशासकिय अधिकृत ज्यू
चामुण्डाविन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय जम्बुकाँध, दैलख ।

विषय- संस्था दर्ता गर्ने सम्बन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं. ......को...........................टोलमा स्थापना गरिएको .............................संस्थालाई चामुण्डाविन्द्रासैनी नगरपालिकाको कार्यालयमा दर्ता, सुचिकृत गरि दिनु हुन अनुरोध गर्दछु। यस संस्थाको बिधान र अन्य आवश्यक कागजात यसै निवेदन साथ संलग्न गरिएको छ ।

निवेदक
.........................
अध्यक्ष
प्रस्तावित संस्थाको नाम ठेगाना

आवश्यक कागजात

(क) सम्बन्धित वडाको सिफारिस
(ख) कार्यसमितिका सदस्यहरुको नाम र ठेगाना
(ग) कार्यसमिति सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि
(घ) संस्थाको प्रमाणित विधान
(ङ) ................................
(च) ................................

खण्ड : ४ संख्या : १८ फाल्गुण १३ गतेः २०७८

अनुसूची -२

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**संघ संस्था दर्ता प्रमाणपत्रको ढाँचा**

दर्ता नं.............
मिति : ............

चामुण्डाविन्द्रासैनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय जम्बुकाँध, दैलख
कर्णाली प्रदेश, नेपाल

**संस्था दर्ता प्रमाण-पत्र**

चामुण्डाविन्द्रासैनी नगरपालिका वडा नं...... स्थित...............................................मा स्थापना भएको...................................................संस्थालाई चामुण्डाविन्द्रासैनी नगरपालिका नगर कार्यपालिकाको मिति.............................को निर्णय बमोजिम दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

“यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतीक पूर्वाधार, शहरी सुशासन लगायतका क्षेत्रमा संस्थाको सकृय सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।”

.................................
प्रमुख प्रशासकीय अधिकृत



आज्ञाले
श्याम बहादुर रावत
नि.प्रमुख प्रशासकीय अधिकृत

स्वीकृत मिति २०७८/११/१०